जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ७१ २०७७ साल असोज २३ गते शुक्रबार (9 Oct. 2020 Friday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : समाजमा अराजकता ... ३ पृष्ठमा : लकडाउनमा सडक ... ३ पृष्ठमा : सन् २०२१ मा भारतीय ...

## डुंगाबाट तस्करी गर्दै गरेको अवस्थामा ३५ कार्टुन मदिरा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

तस्करले तस्करीको नयाँ नयाँ बाटो र माध्यम प्रयोग गर्न थालेपछि प्रहरीले सीमा नाका र कोशी नदी छेउछाउ गस्ति बढाएको छ ।

यसै क्रममा सप्तकोशी नदीमा डुंगाको प्रयोग गरी भारत तर्फ लैजादै गरको ३५ कार्टुन मदिरा प्रहरीले बिहीबार बिहान नियन्त्रणमा लिएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका क्षेत्रमा पर्ने सप्तकोशी नदी हुदै भारततर्फ लगिरहेको गोप्य सुचनाका आधारमा को. बर्साईनस्थित सशस्त्र प्रहरीको टोलीले तस्करीका लागी प्रयोग गरिएको डुंगाासहित सो परिमाणको मदिरा नियन्त्रणमा लिएको जनाएको छ ।

यद्यपी तस्करीमा संलग्न तस्करहरु भने फरार भएको र खोजी कार्य जारी रहेको शसस्त्र प्रहरी बल ६ नम्बर हेडक्वाटर राजविराजले जनाएको छ । यता

*बाँकी अन्तिम पृष्ठमा*

## तीन बर्ष कैद फैसला भएको ११ बर्षपछि पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

तीन वर्ष कैद फसैला भएको ११ वर्षपछि कर्तब्य ज्यान मुद्दाका फरार प्रतिवादी बिहीबार पक्राउ परेको छ ।

पक्राउ पर्नेमा सप्तरीको साबिकको डाढा गाबिस वडा नं. ६ हाल महादेवा गाउँपालिका वडा नं.४ बस्ने ४८ वर्षिय चन्दर राम चमार रहेका छन् । प्रहरीको टोलीले चमारलाई घरबाटै फेला पारेको तथा बिहीबारै अदालत समक्ष बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । सप्तरी जिल्ला अदालतको २०५७ कात्तिक २७ गते तथा सर्वोच्च अदालतको २०६६ भदौं ८ गतेको

*बाँकी अन्तिम पृष्ठमा*

## कोरोना संक्रमितको एम्बुलेन्समा राख्दा राख्दै मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

सप्तरीका एक कोरोना संक्रमितको स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि अस्पताल लैजाने क्रममा एम्बुलेन्समा राख्दा राख्दै बिहीबार बिहान ज्यान गएको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ४ घर भई हाल राजविराज ६ मा बस्दै आएका ७१ वर्षिय जिवलाल साहको ज्यान गएको हो ।

साहको स्वास्थ्यमा समस्या देखिएपछि दुई दिन अघि अस्पताल भर्ना गरि उपचार सुरु गरिएको थियो । सोही क्रममा कोरोना परिक्षणका लागि उनको स्वाब संकलन समेत गरिएको थियो ।

स्वास्थ्यमा समस्या आएपछि बुधबार राती प्राप्त परिक्षण रिपोर्टले उनमा कोरोना पोजेटिभ पुष्टि भएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन् ।

स्वास्थ्यमा सुधार देखिए पनि कोरोना पोजेटिभ देखिएकाले राती नै उनलाई राजविराजस्थित साईकृष्णा मेडिकल कलेजको आइसोलेशन सेन्टरमा लैजाने तयारी भइरहँदा आफन्तले होमआइसोलेशनमै राख्ने भनेपछि आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने शर्तमा होमआइसोलेशनमा राख्न अनुमति दिइएको डा. झले बताए ।

यता वडा नं. ६ का अध्यक्ष प्रेम यादवले आफन्तले राजविराज ६ स्थित निवासमा होमआइसोलेशनमा राखेका साहलाई बिहीबार बिहान ४ बजेतिर अचानक स्वाशप्रश्वासमा समस्या आएपछि उपचारका लागि धरान लैजान एम्बुलेन्समा राख्दै गर्दा मृत्यु भएको जनाए ।

मृतकको शवको बिहीबारै परिवारका केही सदस्यको उपस्थितिमा सेनाको टोलीले ब्यवस्थापन गरेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

योसँगै जिल्लामा कोरानाबाट ज्यान गुमाउनेको संख्या १८ पुगेको छ । यस्तै कुल संक्रमितको संख्या १ हजार ३ सय ५६ रहेकोमा बिहीबारसम्ममा १ हजार ९६ जना निको भई घर फर्किसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म
२०१७/०५/०२

स्वर्गारोहन
२०७७/०६/१२

स्व. रमेश प्रसाद साह

हाम्रा सहकर्मी एवं एथलेटिक्स पूर्व प्रशिक्षक **रमेश प्रसाद साह**को असामयिक स्वर्गारोहन भएको आज १३ औं दिनको पुण्य तिथिमा उहाँको दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद घडीमा परिवारजनलाई परेको पीडाप्रति सम्वेदना व्यक्त गर्दै शोकाकुल सम्पूर्ण परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि प्रार्थना गर्दछौं ।

**दिनेश भुजेल**
**कार्यालय प्रमुख**
**तथा**
**जिल्ला खेलकुद विकास समिति सप्तरी परिवार**
**राजविराज**

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

- नियमित रूपमा साबुन-पानीले हात धुने ।
- खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नयाँ पाठचक्रमबारे शिक्षकलाई अभिमुखीकरण दिन माग

काठमाडौँ, २२ असोज (रासस)।

नेपाल शिक्षक महासङ्घले कक्षा ११ र १२ को नयाँ पाठचक्रम लागू गर्नुपूर्व शिक्षकलाई अभिमुखीकरण गर्न माग गरेको छ। सत्ताइसौँ विश्व शिक्षक दिवसका अवसरमा शिक्षा पत्रकार समाजसँग गरिएको बिहीबारको भर्चुअल छलफलमा महासङ्घका राष्ट्रिय अध्यक्ष बाबुराम थापाले आफूहरु नयाँ पाठचक्रम हुनुपर्छ भन्ने पक्षमा रहे पनि शिक्षकलाई तयारी नगराउँदा यसको सही कार्यान्वयन हुन नसक्ने स्पष्ट गर्नुभयो ।

उहाँले सो तहमा कार्यान्वयनमा ल्याउन नसकिने खालका धेरै ऐच्छिक विषय समावेश नगर्न पनि आग्रह गर्नुभयो। नेपाल सरकारको राष्ट्रिय पाठचक्रम मूल्याङ्कन परिषद्ले २०७६ भदौ २० गते संविधान र सङ्घीयता अनुकूल हुने गरी विद्यालय तहको राष्ट्रिय पाठचक्रमको नयाँ प्रारुप ल्याएको थियो ।नयाँ व्यवस्थानुसार कक्षा १० पछि माध्यमिक शिक्षाको निरन्तरतास्वरुप कक्षा ११ लाई जोड्दै ११ र १२ कक्षामा सामाजिक अध्ययन तथा जीवनोपयोगी विषयलाई अनिवार्य बनाइएको छ। पाठचक्रम विकास केन्द्रले यही शैक्षिकसत्रदेखि यसको कार्यान्वयन शुरु भएको जनाइसकेको छ।

अध्यक्ष थापाले नयाँ पाठचक्रम प्रणालीअनुसार शिक्षकलाई सेवा आयोगको परीक्षामा भाग लिने योग्यताबारे तालमेल मिलाउन शिक्षा सेवा आयोगको नियमावाली परिवर्तन चाँडो गर्न पनि माग गर्नुभयो। उहाँले विद्यालय समायोजन (मर्ज) हुँदा शिक्षक कर्मचारीलाई हटाउन नहुने र दरबन्दी मिलान गर्दा प्रधानाध्यापकलाई दरबन्दी कायम नगर्ने सहमति कार्यान्वयन हुनुपर्ने जनाउँदै शिक्षक विद्यार्थी अनुपातको नयाँ मापदण्ड हिमाल, पहाड र तराईमा क्रमशः ३०, ३५ र ४० हुनुपर्ने अडान राख्नुभयो ।

छलफलमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष लक्ष्मण शर्माले शैक्षिक रुपान्तरणका लागि शिक्षक र शिक्षा पत्रकार कुनै न कुनैरुपमा एउटा बिन्दुमा उभिनुपर्नेमा जोड दिनुभयो भने एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष शङ्कर अधिकारीले शिक्षक समुदाय र शिक्षा पत्रकारिता क्षेत्रबीचको निरन्तर जागरुता नभएमा शैक्षिक रुपान्तरण सम्भव नहुने जनाउनुभयो । पत्रकार समाजका अध्यक्ष प्रकाश सिलवालले कोभिड- १९ पछिको स्थितिमा वैकल्पिक माध्यमबाट भइरहेको सिकाइ प्रक्रियाबारे वस्तुगत अध्ययन र सम्प्रेषणका लागि शिक्षक र पत्रकारिता क्षेत्रले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# समाजमा अराजकता रहेसम्म विद्रोहको सम्भावना



**देवेश झा**

सत्तालाई मधेशको विषयमा भ्रम यथावत् छ। वेदानन्द झा नेतृत्वको तराई कांग्रेसले २०१५ सालको आमनिर्वाचनमा भाग लिँदा प्रारम्भ भएको 'पहिचानको खोजी' अझै निष्कर्षमा पुगेका छैन। एउटा सीटमा पनि सफल हुन नसकेको तराई कांग्रेसलाई पहिलो आमनिर्वाचनमा २% मत प्राप्त भएको थियो। गजेन्द्र बाबु (गजेन्द्र नारायण सिंह)को नेतृत्वमा नेपाल सदभावना पार्टीले ४% सीट प्राप्त गरेको थियो। वेदानन्द झालाई पहिले गृहमन्त्री र पछि लामो समयसम्मका लागि भारतमा नेपाली राजदूत नियुक्त गरेर तत्कालीन सत्ताले मधेश मुद्दा विसर्जन भएको ठाने तर गजेन्द्र नारायण सिंहमार्फत् दोब्बर शक्ति आर्जन गर्दै मधेशको पुनर्जागरण भएर आयो।

गजेन्द्र नारायणको भौतिक जीवनसँग जोडिएको मान्दै आएका नेपाली राज्य सत्ताले दिन गन्दै समय बिताइरहँदा अनुमान भन्दा ठिक विपरित दृश्य २०६३ को मधेश जनविद्रोहले देखायो। सामान्य गैरसरकारी संस्था मधेशी जनअधिकार फोरमको आह्वानमा शुरु भएको आन्दोलनले विकराल रुप धारण गर्दै सम्पूर्ण व्यवस्थालाई चुनौती दिएर अन्ततः देशको शासन प्रणालीलाई संघीय बनाउन बाध्य तुल्यायो। मधेश आन्दोलन हुँदा गजेन्द्र बाबुको लिगेसी बोकेको दाबी गर्दै आएको नेपाल सदभावना पार्टी सरकारमा सहभागी थियो।

मधेशप्रति राज्य सत्ताको बेवास्ताका परिणामस्वरूप २ बाट ४ प्रतिशत मतको समर्थन पाउने मधेश मुद्दा समर्थित मत २०६३ को आन्दोलन पछि पहिलो संविधान सभाको निर्वाचन हुँदा ११% मा पुगिसकेको थियो। तर पनि चेत नखुलेका भ्रमितहरुले मधेशी नेताहरुबीच फाटो ल्याउँदा मधेशको राजनीति टुंगिने दृष्टिकोण अंगिकार गरे र सबै हतकण्डा अपनाएर मधेशी दलहरुलाई छिन्नभिन्न पार्न सफल भए। उपेन्द्र यादवको फोरमबाट विजय कुमार गच्छदार र जेपी गुप्ता, महन्थ ठाकुरको तमलोपाबाट महेन्द्र राय यादव तथा गजेन्द्र नारायण सिंहको नेसपाबाट राजेन्द्र महतो र अनिल झा छुट्टिन पुगे।

दोश्रो संविधान सभाको निर्वाचनमा यी नेताहरु आ-आफ्नो पार्टीलाई चुनावी मैदानमा उतारे र पराजित भए। राज्य सत्ताका लागि आफ्नो योजना सफल भएको देखिए पनि समग्र मधेशी दलहरुको मत परिणाम वृद्धि भएर १२% मा पुगिसकेको थियो। यसरी पहिलो संविधान सभामा ठूलो बहुमत प्राप्त परिवर्तनकारी शक्तिहरु दोश्रो संविधान सभाको निर्वाचन हुँदा प्राविधिक रुपमा सत्ता बाहिर बस्ने स्थिति बनाउने काम भयो। परिणामतः ३५% मा झरिसकेको यथास्थितिवादी शक्तिहरु फेरि ७०% स्थान कब्जा गर्न सफल भए। पछिल्लो संसदीय निर्वाचनमा मधेशी दलहरुबीच सहमति गरेर भाग लिने तय भएपछि यसको अनुपात फेरि घटेर ५५% मा पुगेको छ। जनसांख्यिक आधारमा यो आफ्नो वास्तविक उपस्थिति भन्दा २०% बढी हो।

नेपाली राजनीतिमा स्थिरता कायम गर्ने प्रयासलाई यस प्रकरण मार्फत् गम्भीर धक्का हानियो। नेपालको एकीकरण अभियानमा सहभागिता जनाएका विभिन्न जात, जाति, भाषा, धर्मलाई समेटेर एकजुट बनाउने प्रयासस्वरुप चार वर्ण छत्तीस जातको साझा फूलबारीसम्बन्धी अवधारणालाई अपहरण गरेर सीमित सामुदायिक राज्य सत्ता बनाउने कार्यलाई निरन्तरता दिन अनेकौं प्रपञ्चद्वारा परिवर्तनको सबै मुद्दाहरु धुमिल पार्नु नै दोश्रो संविधान सभाको लक्ष्य राखिएको थियो। यसका लागि माओवादी नेतृत्वलाई दबाव र प्रलोभनको रणनीति प्रयोग गरेर निस्तेज बनाइयो र सामुदायिक एकीकरण गर्दै संविधान जारी गरियो।

प्रगतिशील संविधान देखाइएको भएपनि घुमाउरो पाराले केन्द्रिकृत शासन प्रणालीको निरन्तरता कायम राख्ने कोशिसलाई अस्वीकार गर्दै सम्पूर्ण मधेश दोश्रो पटक फेरि आन्दोलित हुँदा हिंसात्मक दमन नीति अंगिकार गरेको राज्य सत्ताले निर्दयीताको पराकाष्ठा देखाए। पश्चिमी नेपालमा राज्य प्रशासन र थारु समुदायबीच भएको हिंसक झडपमा उच्च प्रहरी अधिकृतहरु पनि हताहत भए। यसैगरी अन्य ठाउँको प्रदर्शनमा प्रहरीको बर्बरता चरम रुपमा देखा परेको थियो।

तथापि आश्चर्यजनक रुपमा मधेश अथवा थारु विद्रोहले विखण्डनलाई अस्वीकार गर्दै आएको छ। विगतमा जयकृष्ण गोइत, ज्वाला सिंहहरूद्वारा सञ्चालित हिंसात्मक द्वन्द्व मधेशमा टिक्न सकेन। यहाँसम्म कि विखण्डनको नारा लगाई रहँदासम्म सिके राउत तुलनात्मक रुपमा स्वीकार्य हुन सकेको थिएन। मधेश र थारु समुदायले नेपालबाट छुट्टिन नखोजेको प्रमाणित भए पनि समकालीन राजनीतिमा पहाडे नेताहरुले आफ्नो समुदायलाई विखण्डनको त्रास देखाएर राजनीतिक लाभ लिने गरेको देखिन्छ भने त्यहीअनुरुप मधेशका नेताहरुको पनि समस्या समाधान गर्ने भन्दा बढी सत्ता राजनीतिमा भूमिका खेल्न ध्यान केन्द्रित रहेको छ।

अन्ततः बलपूर्वक लागू गरिएको संविधानअनुसार संसदीय निर्वाचन गर्दा पनि मधेश मुद्दाको पक्षमा रहेको मत परिणाम यथावत् कायम रहेको देखिन्छ। तत्कालीन दुवै मधेश केन्द्रित दलहरुले लगभग १०/५५ मत प्राप्त गरेका छन्। जबकि पहिलो चरणको निर्वाचनमा राजपाले भाग नलिएको र हृदयेश त्रिपाठी लगायतका पुराना राजपा नेताहरु एमालेको सूर्य चुनाव चिह्नबाट चुनाव लडेका थिए। यसरी प्रष्ट रुपमा देख्न सकिन्छ कि मुद्दाको हिसाबले मधेशको जनमत आफ्नो ठाउँमा स्थिर रहेको छ।

यस पटकको संसदीय निर्वाचनको अर्को महत्वपूर्ण पक्ष भनेको थारु समुदायको उदासीनता रहयो। संविधान जारी भएपछिको आन्दोलनले उग्र रुप लिदैं गर्दा कैलाली जिल्लामा भएको हिंसक दुर्घटना र त्यसले निर्माण गरेको डरलाग्दो परिवेशमा सुदूरपश्चिमका दुई जिल्ला गम्भीर रुपमा प्रभावित भए। त्रासमय वातावरणमा सम्पन्न निर्वाचनमा परिणाम प्रभावित हुनु स्वाभाविक थियो तथापि तत्कालीन राजपा उम्मेदवारको रुपमा ठूलो बहुमतले निर्वाचित रेशम चौधरीको उत्साहजनक विजयले परिवर्तनको पक्षमा रहेको सामुदायिक चाहनालाई प्रतिविम्बित गर्छ।

नेपालको राजनीतिमा एकल सामुदायिक वर्चस्वको अभ्यास नौलो कुरा होइन। थापा, पाण्डे र जहानियाँ राणा शासनको कालखण्डमा यसका लागि योजनाबद्ध ढङ्गले रणनीतिक प्रक्रिया अवलम्बन गरिएको थियो। बन्दुक, कलम र खजानामाथि पूर्णतः नियन्त्रण गरेर राज्यसत्ता कब्जा गर्ने प्रयासस्वरुप सेना, प्रशासन-न्याय र राजस्व संकलन गर्ने महत्वपूर्ण स्थानहरुमा स्वजातीय नियुक्तिको निरन्तरता लामो समयदेखि जारी रहेको छ। जनगणनाबाट उपलब्ध तथ्यांक विपरीतको यस व्यवस्थाका कारण सामाजिक परिवेश असन्तुलित भएर विभिन्न प्रकारको आन्दोलन तथा विद्रोह मार्फत जनभावना मुखरित हुदै आएका पनि छन्। विगत ७० वर्षदेखि नेपालमा राज्य सञ्चालन गर्न अभ्यास गरिएको आधुनिक मापदण्ड सहितको राजनीतिक एवम् प्रशासनिक संरचनाले राष्ट्रिय एकतामा पारेको प्रभावबारे बहसको अनिवार्यता देखिन्छ।

जहानियाँ राणा शासन विरुद्धको प्रजातान्त्रिक आन्दोलन, सक्रिय राजतन्त्रसहितको निर्दलीय पञ्चायती व्यवस्था विरोधी आन्दोलन अथवा माओवादीको हिंसक र मधेशको अहिंसक विद्रोहको पछाडि एउटै मनोविज्ञानले काम गरेको छ। नेपालको राजनीतिक क्षेत्रमा नियन्त्रित जातीय दृष्टिकोणलाई राष्ट्रवादको संज्ञा दिएर महिमा गरिएपनि यसले सामाजिक सद्भाव कायम राख्न दिनानुदिन जटिलता थपिँदै गएको छ। नश्लीय सोचबाट प्रेरित सत्ता र परिवर्तनकारी दुवै पक्षले समाजलाई महज राजनीतिक प्रयोजनका लागि ध्रुवीकरण गरेर घृणाको व्यापार बढाउने काम गरेका छन्।

राणा शासनको अन्त्यसँगै प्रारम्भ भएको खुला राजनीतिमा प्रतिस्पर्धात्मक व्यवस्थामार्फत् सामाजिक सहजता वृद्धि गर्ने सुअवसरलाई एकल सामुदायिक वर्चस्वको संरक्षण गर्ने प्रयासले ठूलो क्षति पुऱ्यायो। प्रजातान्त्रिक आन्दोलनका नेतृत्वकर्ता दलको हैसियतले नेपाली कांग्रेसलाई राज्य पुनर्संरचना गर्ने महत्वपूर्ण अवसर प्राप्त भएपनि दल भित्रको आन्तरिक किचलोका कारण समय खेर फालियो। परिणामतः बखान सिंह गुरुङ, महेन्द्र नारायण निधि, परशु नारायण चौधरी जस्ता अग्रपंक्तिका योद्धाहरु नेतृत्वमा स्थापित हुन सकेन। समाजमा समानताको अनुभूति गराउन सक्ने ठूलो सम्भावना बोकेको कालखण्डलाई सत्ता र शक्ति संग्रह गर्ने अवसर बनाउन खोजिएकोले समय र परिस्थितिद्वारा राजदरबारलाई विकल्प उपलब्ध गराइएको थियो।

त्यसपछिको युगमा आधुनिक राज्य व्यवस्थाको महत्वपूर्ण अंग मानिएको प्रणालीगत सुधारको रुपमा लोक सेवा आयोग, अदालतको भूमिका लगायतका विषयहरु प्रवेश गराइएको भएपनि नियन्त्रणको प्रक्रिया यथावत् कायम रहेको थियो। संस्थागत परिवर्तनको अपेक्षा गर्ने जनताको लागि फेरि आन्दोलन अपरिहार्य भएर जनपक्षीय नेतृत्व स्थापित भयो तर परिवर्तनको नेतृत्व गर्दै सत्तामा पुग्न सफल भएकाहरुले पनि शासन व्यवस्थामा रहेको नश्लीय चिन्तनलाई परिमार्जन गर्न सकेन, परिणामतः सामाजिक असन्तुष्टि समाधान हुन सकेको छैन।

नेपालमा सात पटक संविधान लेखन कार्य भइसकेको छ। वर्तमान संविधान पनि सन्तोषजनक नरहेको बहस विभिन्न क्षेत्रबाट हुने गरेको छ। संघीयता र गणतन्त्रको स्थापना गरेर केही प्रगतिशील बन्न पुगेको वर्तमान संविधानलाई एकल सामुदायिक वर्चस्वको संरक्षण गर्ने मानसिकताले शासन व्यवस्थामा सबैको अधिकार समावेश गराउन अझै स्वीकारेको छैन। धेरै लामो कालखण्डसम्म सत्तामा बस्नेहरुका लागि विगतमा गरिएका आफ्नो व्यवहारका कारण आफै त्रसित बन्ने मानसिकता कायम भएको छ।

तुलनात्मक रुपमा अहिलेसम्मको सबै संविधान भन्दा बढी समावेशिताको सम्भावना बोकेको वर्तमान संविधानलाई विभिन्न ऐन कानुनहरु निर्माण गरेर प्रतिगामी बनाउने प्रयास जारी राखिएको छ। जनताद्वारा प्रत्यक्ष प्रतिनिधित्व गराउने सिद्धान्तमा जनसंख्याको आधार निर्णायक मानिने चलन भएपनि नेपालको राजनीतिमा लोकतन्त्रको मूल आदर्शलाई उपेक्षित गरिएको छ। संघीयता संचालनको लागि सामुदायिक प्रतिनिधित्व नभएसम्म समाजमा विद्यमान उकुसमुकुस अन्त हुने छैन। प्रधानमन्त्री केपी ओलीले आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन हुन सक्ने भन्दै आउनु भएको छ तर त्यसबारे स्पष्ट परिभाषा गर्नु भएको छैन।

संसदीय निर्वाचन हुन लाग्दा संविधान संशोधनको अनिवार्यता स्वीकारेर तत्कालीन माओवादी नेतृत्वको कांग्रेस सम्मिलित सरकारले संसदमा संशोधन प्रस्ताव दर्ता गराएको थियो तर रहस्यमय ढंगले सत्ताधारी दलका सभासदहरु अनुपस्थित रहेको कारण पारित हुन सकेन। संसदीय राजनीतिमा दलद्वारा औपचारिक रुपमा संसदमा प्रस्ताव प्रस्तुत भइसकेपछि त्यसलाई वैधानिक समर्थन दिएको मानिन्छ। यसरी पछिल्लो संसदमा दर्ता भएको संशोधन प्रस्ताव वर्तमान संसदमा निर्वाचित भएर आएका नेपाली

*बाँकी तीन पृष्ठमा*

# लकडाउनमा सडक कालोपत्र

लहान, २२ असोज (रासस)।

कोरोना सङ्क्रमण र लकडाउनका बाबजुद आर्थिक वर्ष २०७६/०७७ मा सप्तरी र सिरहाका २६ किलोमिटर सडक कालोपत्रे भएको छ।

लकडाउनकै बीच आर्थिक वर्ष २०७६/०७७ मा सिरहाको १२ र सप्तरीका १४ किमी सडक कालोपत्रे भएको सडक डिभिजन कार्यालय लहान सिरहाले जनाएको छ। सिरहाको लहान-भगवानपुर ठाडी सडकमा साढे पाँच किमी, बन्दीपुर-उत्तराइनी सडकमा एक हजार ६०० मिटर, कर्जन्हा-बस्तीपुर सडकमा एक हजार २०० मिटर, हुलाकी सडकअन्तर्गत गणेशपुर चौकदेखि गोलबजारसम्मको ९५० मिटर, कसहा-औरही सडकमा ९०० मिटर र कसहा-मुक्सार सडकमा ५०० मिटर कालोपत्रे गरिएको सडक डिभिजन कार्यालय लहानका प्रमुख रविन्द्रलाल दासले जानकारी दिनुभयो।

यस्तै सप्तरीको शम्भुनाथ ट्राफिक चौक-बनैनियाँ सडकमा आठ किमी, रुपनी-कटैया सडकमा तीन किमी, रुपनगर चौकदेखि कञ्चनपुर सडकमा एक हजार ३०० मिटर र बरमझिया पूर्व सडकमा ८०० मिटर सडक कालोपत्रे गरिएको प्रमुख दासले बताउनुभयो। सिरहा, सप्तरी र उदयपुरमा करिब ३५ किमी सडक स्तरोन्नति तथा निर्माण कार्य भइरहेको सडक डिभिजन कार्यालय लहानले जनाएको छ।

त्यस्तै आर्थिक वर्ष २०७६/०७७ मा सिरहा र सप्तरीमा दुई वटा पुल निर्माण भएको छ। सिरहाको मुतनी खोलामा र सप्तरीको जुरी नदीमा पुल निर्माण भएको छ। ती दुवै जिल्लामा हाल २० वटा पुल निर्माणाधीन अवस्थामा छ। सिरहामा नौ र सप्तरीमा ११ वटा पुल निर्माणाधीन अवस्थामा रहेको र अधिकांश पुलको कार्य तीव्ररुपमा भइरहेको प्रमुख दासको भनाइ छ।

यसैबीच सम्झौतानुसार समयमा काम सम्पन्न नगर्ने आठ निर्माण कम्पनिमाथि सडक डिभिजन कार्यालय लहान सिरहाले कारवाही अघि बढाएको छ। सिरहा र सप्तरीमा विभिन्न १२ योजनाको सम्झौता गरेर पनि लामो समयसम्म काम सम्पन्न नगर्ने आठ निर्माण कम्पनिमाथि कारवाही अघि बढाइएको छ।

बजगुरु कन्स्ट्रक्सन कम्पनी प्रालि काठमाडौँ, बजगुरु विकास जेभी लहान, स्काइ लाइन कन्स्ट्रक्सन जनकपुर, निलगिरी निर्माण सेवा काठमाडौँ, याकधुम्त्याङ्गर बीपी कन्स्ट्रक्सन जेभी लहान, प्रकाशरआश्रय जेभी काठमाडौँ, रोशन कन्स्ट्रक्सन प्रा.लि. जनकपुर र जोशी कन्स्ट्रसन गाठाघर काठमाडौँमाथि कारवाही अघि बढाएको प्रमुख दासले जानकारी दिनुभयो। पहिलो चरणमा ती कम्पनीलाई स्पष्टीकरण सोधिएको र सन्तोषजनक जवाफ नआए कानुनी रुपमा कार्वाही अघि बढाइने प्रमुख दासले बताउनुभयो।

**स्वास्थ्य सुरक्षा मापदण्ड अनुरुप काममा लगाउने प्रतिबद्धता**

सरकारले तोकेको मापदण्ड पुरा गरेर मात्र भारतीय कामदारलाई काममा लगाउने सिरहाका इँट्टा उद्योगी व्यवसायीले प्रतिबद्धता जनाएका छन्।

सरकारले उद्योग सञ्चालन गर्न अनुमति दिएसँगै सिरहाका इँट्टा उद्योगी व्यवसायीले स्वास्थ्य सुरक्षाको मापदण्ड पूरा नगरी धमाधम भारतीय मजदुरलाई काममा लगाउन थालेका छन्। जसका कारण जिल्लामा कोरोना सङ्क्रमणको जोखिम बढ्केको भन्दै गोलबजार नगरपालिकाको पहलमा भएको छलफलमा इँट्टा उद्योगी व्यवसायीले स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरेर मात्र भारतीय मजदुरहरुलाई काममा लगाउने प्रतिबद्धता जनाएका छन्।

भारतबाट आउने सम्पूर्ण मजदुरहरुलाई क्वारेन्टिनमा राखेर पिसिआर परीक्षण गरी रिपोर्ट नेगेटिभ आउनेलाई मात्र काममा लगाउने र सरकारले निर्धारण गरेको स्वास्थ्य सुरक्षाको मापदण्ड पूरा गरेर मात्र काममा लगाउने इँट्टा उद्योगी व्यवसायीहरुले प्रतिबद्धता जनाएको गोलबजार नगरपालिकाका प्रवक्ता उमेश बरालले जानकारी दिनुभयो। साथै इँट्टा उद्योगमा कुनै बालबालिकालाई श्रममा नलगाउनसमेत प्रतिबद्धता जनाएको प्रवक्ता बरालले बताउनुभयो।

गोलबजार नगरपालिकाका नगर प्रमुख देवनाथ साहको अध्यक्षतामा भएको छलफलमा इँट्टा व्यवसायी सङ्घका केन्द्रीय सचिव चन्द्रदेव यादव, सङ्घका जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य विक्रम साह, उद्योग व्यापार सङ्घ गोलबजारका अध्यक्ष भारत अग्रवाल र गोलबजार नगर कार्यपालिकाका सदस्यको उपस्थिति थियो।

# कृषि ज्ञान केन्द्रको ७८ प्रतिशत रकम फ्रीज

पर्सा, २२ असोज (रासस)।

प्रदेश नं २ को सरकारले समयमा कार्यविधि नपाएका कारण कृषिज्ञान केन्द्र पर्साको रु १५ करोडभन्दा बढी रकम फ्रीज भएको छ। गत आर्थिक वर्षका लागि प्रदेश सरकारले विभिन्न शिर्षकमा रु २० करोड ४१ लाख ४५ हजार विनियोजन गरे पनि सयममा कार्यविधि नपठाउँदा रु १५ करोड ८५ लाखभन्दा बढी रकम खर्च हुन नसकेको हो।

प्रदेश सरकारले भदौ महिनामा कार्यक्रम तथा अनुदान शिर्षकमा रु नौ करोड ५९ लाख ३२ हजार, प्रशासनिक तलब तथा ब्याज अनुदानमा रु आठ करोड ५७ लाख ४३ हजार, सवारी साधन, मेशिनरी तथा फर्निचर खरिदमा रु एक करोड ४७ लाख, मेशिनरी तथा औजार खरिदमा रु ५२ लाख ७० हजार र सार्वजनिक समृद्धी कार्यक्रममा रु २५ लाख पठाइएको भए पनि सवारी साधन खरिदमा रु ५५ लाख ३५ हजार र कृषकको ब्याज अनुदानमा रु चार करोड मात्र खर्च भएको कार्यालयले जनाएको छ।

प्रदेश सरकारले समयमा कार्यविधि नठाएका कारण कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको २२ प्रतिशत रकम मात्र खर्च भएको कृषि ज्ञानकेन्द्रका प्रमुख डा रामचन्द्र यादवले जानकारी दिनुभयो। उहाँले मन्त्रालयबाट कार्यविधि आउन ढिलाइ हुने गरेका कारण विनियोजित बजेटको ठूलो हिस्सा प्रत्येक वर्ष फ्रीज हुने गरेको बताउनुभयो।

## *समाजमा...*

कांग्रेस, तत्कालीन माओवादी र मधेश केन्द्रित दलका सांसदहरुका लागि नैतिक जिम्मेवारीको विषय हो।

नेपाल पनि विश्व राजनीतिको अभिन्न अङ्ग भित्रै पर्दछ। मानव सभ्यताको विकाससंगै विकसित भएको वर्चस्व र संरक्षणको राजनीतिले कालान्तरमा संरक्षित वर्गलाई बाँकी समाजबाट अलग्याउने गरेको हुँदा त्रासको मानसिकता बन्ने गरेको हुनाले संरक्षण प्राप्त समुदाय आफ्नै वरिपरि पर्खाल खडा गर्दै एक्लिएका हुन्छन्। प्रायः कमजोर र असुरक्षित मनस्थितिका कारण बनेको यस्ता संवेदनशील संरचनालाई जोगाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय दवावमा अनेकौं जायज-नाजायज सम्झौताहरु गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जित हुने गरेका हुन्छन्।

यसरी समग्र विश्लेषण गर्दा नेपालको राज्य व्यवस्था एकतर्फी रुपमा एकल सामुदायिक संरक्षणका लागि प्रयोग हुने गरेको यथार्थ छ। एकीकरण गर्ने बेलामा सबै जातजाति, भाषाभाषी, धर्म-संस्कृतिलाई समेटिने गरी जनाइएको प्रतिबद्धता अपहरित भएको छ। शाहवंशीय राजतन्त्रको कालखण्डसम्म खस क्षेत्रीहरुको बहुलता र निर्णायक भूमिका रहदै आएकोमा २०४६ को परिवर्तन पछि क्रमिकरुपमा पहाडी मूलका बाह्मणको वर्चस्व स्थापित हुदै गएको देखिन्छ। वर्तमान संविधान प्रति मधेशको मुखर असहमति छ भने जनजातिहरुले मौन असहमति राख्दै आएका छन्।

राष्ट्रियताको संज्ञाबाट विभुषित बनाइएको वर्तमान राजनीतिक प्रणालीमा परिवर्तनकारी सोचबाट प्रेरित भएर सकारात्मक परिणाम ल्याउनु नै राष्ट्रहितको एकमात्र मार्गचित्र हुनसक्छ। अन्यथा जहानियाँ शासनबाट संवैधानिक राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र वा संघीय गणतन्त्र भनेको भए पनि शासन व्यवस्थालाई संचालन गर्ने प्रक्रियामा जनताले खोजेको अधिकार सुनिश्चित नभएसम्म समाजमा अराजकता सिर्जना भइरहने छन् र देशले फेरि पनि आन्दोलन अथवा विद्रोहको सामना गरि रहनु पर्दछ। प्रष्टरुपमा भन्नु पर्दा एकल सामुदायिक वर्चस्वबाट संरक्षितहरु बाहेकको नेपाली समाज अझै पनि परिवर्तनको लागि प्रतीक्षारत अवस्थामा रहेको देखिन्छ। *(मधेश दर्पण फिचर सेवा)*


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# विश्व समाचार

## सन् २०२१ मा भारतीय अर्थतन्त्र ९.६ प्रतिशत खुम्चिन्छ : विश्व बैंक

वासिङ्टन, २२ असोज (रासस-एएनआई)।

कोरोनाभाइरस महामारीका कारण चालु आर्थिक वर्ष सन् २०२०-२१ मा भारतको अर्थतन्त्र ९.६ प्रतिशतले खुम्चिने विश्व बैंकले जनाएको छ। दक्षिण एसियामा भारतको अर्थतन्त्र सबैभन्दा ठूलो छ। कोरोनाभाइरसको असर बाँकी नै रहेका कारण दक्षिण एसियाली अर्थतन्त्रमा सर्वाधिक असर पर्ने पनि बैंकले जनाएको छ। खासगरी अनौपचारिक क्षेत्रमा कार्यरत ठूलो सङ्ख्याका कामदारहरूले रोजगारी गुमाउने र लाखौं मानिस गरिबीको दुश्चक्रमा पर्ने बैंकको भनाइ छ। विगत पाँच वर्षदेखि वार्षिक ६ प्रतिशतको आर्थिक वृद्धिदर रहेको दक्षिण एसियाको अर्थतन्त्र कोरोनाभाइरसका कारण यसअघि ७.७ प्रतिशत खुम्चने अनुमान गरिएको थियो। क्षेत्रीय वृद्धि सन् २०२१ मा ४.५ प्रतिशतले हुने प्रक्षेपण गरिएको छ। तर कोभिड-१९ ले पुऱ्याएको क्षतिलाई ४.५ प्रतिशतको आर्थिक वृद्धिले सम्बोधन गर्न निकै कठिन हुनेछ। विगतका आर्थिक मन्दीमा पनि लगानी र निर्यातमा हुने गरेका कमीले अर्थतन्त्रमा सङ्कट निम्त्याउने गरेका थिए। यस पटक भने परिस्थिति भिन्न छ। वैयक्तिक उपभोग्य सूचकाङ्कमा पनि १० प्रतिशतभन्दा बढीले कमी आउने देखिएको छ।

केही मुलुकमा विप्रेषणको आयमा पनि कमी आउने र त्यसबाट जीविकोपार्जनमा समस्या उत्पन्न हुनेछ। विश्व बैंकका लागि दक्षिण एसियाली उपाध्यक्ष हार्टवीजले कोभिड-१९ का कारण सङ्कटमा परेको दक्षिण एसियाको अर्थतन्त्रका कारण साना व्यवसाय र अनौपचारिक क्षेत्रका कामदारमाथि ठूलो समस्या खडा भएको बताउनुभयो। उहाँले रोजगारी गुम्ने र आम्दानी घट्ने समस्याबाट आम मजदुरहरू पीडित हुने पनि बताउनुभयो। श्री हार्टवीजले सरकारले आफूसँग रहेको सीमित स्रोत साधनलाई बुद्धिमत्तापूर्वक उपयोग गर्नुपर्नेमा जोड दिनुभयो। दक्षिण एसियाका कूल मजदुरमध्ये खासगरी पर्यटन, खुद्रा व्यापार र यातायात क्षेत्रका मजदुर सबैभन्दा ठूलो समस्यामा रहेका अध्ययनले देखाएको छ। गरिबीमा पिल्सिएका जनताले खाद्यान्नको बढ्दो मूल्यको सामना गर्नु परेको छ। सानो सङ्ख्याका अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिहरूले मात्र सामाजिक बीमामा पहुँच बनाएका छन् वा उनीहरूसँग सानोतिनो बचत रकम रहेको वा वित्तीय संस्थासँग पहुँच छ। विश्व बैंकको प्रतिवेदनमा सरकारहरूले सबैलाई सामाजिक सुरक्षा उपलब्ध गराउन आग्रह गरिएको छ। साथै अधिकाधिक उत्पादकत्व, सीप विकास र मानव पूँजी निर्माणमा सरकारहरूले ध्यान दिनु पर्नेमा जोड दिइएको छ। आर्थिक पुनरुत्थानलाई गति दिन सरकारहरूले अन्तर्राष्ट्रिय र स्वदेशी लगानी जुटाउनु पर्ने बैंकको भनाई छ। दीर्घकालीन रूपमा डिजिटल प्रविधिले अनौपचारिक क्षेत्रका कामदारका लागि नयाँ अवसर सिर्जना गर्न मद्दत गर्ने, दक्षिण एसियालाई बढी प्रतिस्पर्धी बनाउने तथा बजारसँग बढी अन्तरसम्बन्धित बनाउने पनि बैंकको अनुमान छ।

## ब्राजिलमा ५० लाखभन्दा बढीमा कोभिड-१९ संक्रमण पुष्टि

साओ पाओलो, ब्राजिल, २२ असोज (रासस/सिन्ह्वा)।

ब्राजिलमा बुधबार कोभिड-१९ सङ्क्रमितको ३१ हजार ५५३ भएसँगै कूल सङ्क्रमितको सङ्ख्या ५० लाख ६९४ पुगेको जोन हकिन्स विश्वविद्यालयको विज्ञान तथा इन्जिनीयरिङ व्यवस्थापन केन्द्रले बिहीबार जानकारी गराएको छ। दक्षिण अफ्रिकी यो मुलुकमा विगत २४ घण्टामा सङ्क्रमित ७३४ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कोभिड-१९ सङ्क्रमित एक लाख ४८ हजार २२८ जनाको मृत्यु भइसकेको छ। यस मुलुकको सबैभन्दा बढी प्रभावित शहर साओ पाओलोमा मात्रै १० लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन्। यहाँ कूल ३६ हजार ६६९ जनाको मृत्यु भएको छ। अमेरिकापछि विश्वमा कोभिड-१९ सङ्क्रमित व्यक्तिको मृत्यु हुने मुलुक ब्राजिल हो। ब्राजिलमा गत फेब्रअरी २६ मा कोभिड-१९ को पहिलो सङ्क्रमण पुष्टि भएको थियो। विश्वव्यापी महामारीका कारण सबैभन्दा बढी प्रभावित अमेरिकामा कूल ७७ लाख ७६ हजार २२४ व्यक्ति सङ्क्रमित भएका छन् भने सङ्क्रमित दुई लाख १६ हजार ७३७ जनाको मृत्यु भएको छ। तेस्रो बढी प्रभावित मुलक भारतमा कूल ६८ लाख ३५ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन् भने सङ्क्रमितमध्ये एक लाख पाँच हजार ५५४ जनाको मृत्यु भएको छ। विश्वभर कोभिड-१९ सङ्क्रमितको सङ्ख्या तीन करोड ६४ लाखभन्दा बढी पुगेको छ भने यसका कारण १० लाख १६ हजारभन्दा बढीको मृत्यु भइसकेको उक्त विश्वलयद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ। विश्वका अन्य प्रभावित मुलुकहरूमा रूस, कम्बोडिया, चिली, पेरू, स्पेन, फ्रान्स, इटालीलगायत अमेरिकी र यूरोपेली मुलुक नै रहेका छन्।

## अफगानिस्तानमा रहेका अमेरिकी सेना क्रिसमस पहिले फर्किनुपर्छ : ट्रम्प

वासिङ्टन, २२ असोज (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तानमा तैनाद अमेरिकी सेनालाई क्रिसमस पहिले नै स्वदेश फर्काइने बताउनुभएको छ। उहाँले सामाजिक सञ्जाल ट्वीटरमार्फत् अमेरिकी सबै सेनालाई आगामी क्रिसमस पहिले नै फिर्ता गर्ने जानकारी बिहीबार गराउनुभएको हो। उहाँले भन्नुभयो "अफगानिस्तानमा कार्यरत अमेरिकी बहादुर सेनाहरू अब सानो सङ्ख्यामा त्यहाँ रहेको र तिनीहरूलाई पनि आगामी क्रिसमस पहिले फिर्ता गरिनुपर्छ।" एक दिन पहिले राष्ट्रपति ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार रोबर्ट ओब्रेनले अफगानिस्तानमा करिब पाँच हजार अमेरिकी सेना मात्र रहेको र सन् २०२१ को सुरुसम्ममा यो सङ्ख्यालाई दुई हजार ५०० मा झार्ने योजना सरकारको रहेको बताउनुभएको थियो। तालिवान लडाकू र उनीहरूका परिवारका सदस्य र अफगानी सुरक्षा फौज, अमेरिकी सेना र अफगानी सर्वसाधारणसहित गरी अफगानिस्तानमा अमेरिकी सेना प्रवेश गरेपछि अहिलेसम्म एक लाखभन्दा बढी व्यक्तिको मृत्यु भएको राष्ट्रसङ्घको तथ्याङ्क रहेको छ। अमेरिकी सेनालाई फिर्ता गर्ने बिषयमा तालिवान, अमेरिकी सरकार र अफगानी सरकारबीच सहमति बनिसकेको छ। ट्रम्पले अफगानिस्तानबाट सेना फिर्ता गर्ने विषयलाई अमेरिकी राष्ट्रपतीय निर्वाचनमा लोकप्रिय मत प्राप्त गर्ने एउटा गतिलो एजेन्डाका रूपमा लिएको देखिन्छ।

# अनुगमनका क्रममा म्याद गुज्रिएको बियरसहित अन्य सामाग्रि नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**
कोरोना महामारीका कारण लामो समयपछि पसलहरु खुलेपछि व्यापार व्यवसाय समेत सुचारु भएको छ । यसैबीच ब्यपारीहरुले घाटा पूर्ति गर्ने मनसायले गरिरहेको कालोबजारीका कारण उपभोक्ता ठगिने गुनासो आउन थालेपछि राजविराज बजारका विभिन्न पसलहरुको बिहिवार संयुक्त अनुगमन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरी र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयको समन्वयमा खटिएको संयुक्त बजार अनुगमन गरेको छ ।

अनुगमनका क्रममा टोलीले राजबिराज नगरपालिका वडा नम्बर ७ स्थित माँ दुर्गे ट्रेडर्समा म्याद गुज्रिएका वियर फेला पारेको छ । पसलमा ग्राहकलाई बिक्री गर्न रेफ्रिजरेटरमा राखिएको अबस्थामा किंगफिसर वियर १३ थान, टुवर्ग वियर ७ थान टुवर्ग क्यान वियर ८ थान जफत गरि नष्ट गरिएको छ ।

नष्ट गरिएका वियरहरु तीन महिनादेखि एक बर्ष पहिले नै म्याद गुज्रिसकेको अनुगमन टोलीका सदस्य खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश कुमार सिंहले जानकारी दिए ।

अनुगमनलाई निरन्तरता दिदै दोस्रो दिनपनि राजबिराज बजारका एक दर्जन पसलहरुको अनुगमन गरेको छ । अनुगमन क्रममा पसलहरुमा उपभोक्ताले प्रष्ट हेर्ने मूल्य सूची र साईनबोर्ड, म्याद गुज्रिएका सामग्री, कोराना संक्रमणबाट बच्न अपनाइएको स्वास्थ्य सुरक्षा व्यवस्था, साबुन पानी, सेनिटाइजर, ग्लोब्ससहित कालोबजारीलाई नियन्त्रण गर्न, सुपथ मूल्यमा उपभोग्यवस्तु खरिद बिक्री गर्न, सरल र सहज रुपमा उपभोक्ताले उपभोग गर्न पाउने उद्देश्यले राजविराज बजारका पसलहरुको अनुगमन गरिएको टोलीका संयोजक जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेले जानकारी दिए ।

राजबिराज बजारका पूजा किराना स्टोर, नागमणि किराना पसल, लाल ट्रेडर्स, इब्राहिम स्टोर, हक जनरल स्टोर, कोकाई साह गोपाल प्रसाद साह ट्रेड, मा दुर्गे ट्रेडर्स, मदिना फ्रुट एण्ड जनरल स्टोर, नुर फ्रुट एण्ड जनरल स्टोर, गुलाब स्टोर्स, हुमा स्टोर एण्ड सप्लायर्स लगायतको पसलहरुमा अनुगमन गरिएको छ ।

अनुगनका क्रममा बजारका पसलहरुबाट जफत भएको म्याद गुज्रिएका बि एम सि मसाला, कासमिरी मिर्च, पान मसाला, खानेतेल, राजनिवास, गहुँको पिठो, वियर नष्ट गरिएको उपभोक्ता अधिकार मञ्चका सप्तरी अध्यक्ष राजकुमार गुप्ताले जानकारी दिए ।

संयुक्त अनुगमन टोलीमा राजबिराज नगरपालिका को सदस्य सीता देवी मण्डल, सप्तरी उद्योग बाणिज्य संघका सचिव गौरी शंकर साह, उपभोक्ता अधिकार मञ्चका सप्तरी अध्यक्ष राजकुमार गुप्ता, न्यायिक संरक्षण मंचका राम कुमार यादव, घरेलु तथा साना उद्योग कार्यालयका नेत्र बास्तोला, भास्कर पाण्डे, सञ्चाकर्मी, प्रहरी लगायतको उपस्थितिमा भएको थियो ।

## तीन बर्ष...

कर्तब्य ज्यान मद्दामा तिन बर्ष कैदको फैसला गरेको थियो । तर, उनी सोही समयदेखी फरार रहेका थिए ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीबाट फरार प्रतिवादी पक्राउ गर्ने अभियान चलाएपछि हालसम्म विभिन्न मुद्दामा दोषि ठहर भई फरार १ सय ९४ जना ब्यक्तीहरुलाई पक्राउ गरी सप्तरी जिल्ला अदालतमा बुझाएको छ ।

# मिटर रिडिङ नगरी जरिवाना असुली

सर्लाही, २२ असोज (रासस) ।
नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लालबन्दीले मिटर रिडिङ नगरिकनै जरिवाना असुलीएको भन्दै उपभोक्ताले गुनासो गरेका छन् । कोभिड-१९ नियन्त्रण गर्न भन्दै सरकारले लकडाउन गरेको समयमा उपभोक्ताको मिटर रिडिङ नगरी चुप बसेको वितरण केन्द्रले जरिवाना भन्दै उठेको रकममा थप १० प्रतिशत लिएको उपभोक्ताको गुनासो छ ।

उनीहरूले वितरण केन्द्रका कर्मचारीको मनलाग्दी खपत शुल्कमा जरिवानासमेत लिने गरेको लालबन्दीका उपभोक्ता श्याम लामाले बताउनुभयो । विगत पाँच/छ महिना मिटर रिडिङ नगरी बसेको सबस्टेशनले लकडाउन अलि सहज भएपछि बिल तिर्न आउन सूचना नै जारी गरेर जरिवानासहित शुल्क असुलेको अर्का स्थानीय रमेश कार्कीको गुनासो छ ।

विद्युत् वितरण केन्द्रका कर्मचारीले समयमा मिटर रिडिङ नगरेका कारण आमसर्वसाधारण आफ्नो घरमा रहेको बिजुलीको मिटरमा उठेको रकमको लकडाउनको समयको पनि जरिवाना तिर्न बाध्य भएका छन् । प्राधिकरणका कर्मचारीले समयमा मिटर रिडिङ नगरेको र आफूले पैसा तिर्दा मिटरमा उठेको रकमको जरिवानासमेत गरी तिर्नुपरेको उनीहरूको गुनासो छ ।

यो त उदाहरणका पात्र मात्र हुन् । लालबन्दीमा रहेको विद्युत् प्राधिकरण वितरण केन्द्रको लापर्वाहीका कारण वितरण केन्द्र मातहतका अधिकांश बिजुली उपभोक्ता समस्यामा परेका छन् । सरकारले लकडाउनको समयमा विद्युत् महशुलको जरिवाना नलिन भनेको भए पनि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लालबन्दीले मिटर रिडिङ नगरिकनै जरिवाना असुल्ने गरेको गुनासो आएको हो । शुरुशुरुमा समस्या आएको तर अहिले त्यो समस्या समाधान भइसकेको साथै सबै विकल्प दिइएको भए पनि उपभोक्ताले बेवास्था गरेका र सबैलाई जानकारी नभएका कारण पनि समस्या आएको विद्युत् प्राधिकरण वितरण केन्द्र लालबन्दीका प्रमुख सुधीरकुमार रायले बताउनुभयो ।

पहिलाको निर्णयअनुसार असोज ६ गतेपछि जरिवाना लिने भनिएको र सोहीअनुसार जरिवाना लिएको तर फेरि विद्युत् प्राधिकरणले असोज २२ गतेसम्म जरिवाना नलिने निर्णय गरेपछि बीचमा लिएको जरिवाना खपत युनिटबाट घटाउने विद्युत् प्राधिकरणले निर्णय गरेको वितरण केन्द्रका प्रमुख रायले बताउनुभयो ।

## डुंगाबाट ...

बरामद गरिएको मदिरा राजविराजस्थित बेल्ही भन्सार कार्यालयमा बुझाइएको छ ।

दुई महिना यता प्रहरीले सप्तकोशी नदी आसपास समेत निगरानी बढाएपछि एक पछि अर्को सफलता मिल्दै गएको शसस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठको भनाई छ । दुई महिनाको अवधिमा शसस्त्र प्रहरीले सप्तकोशी नदीमा डुंगाको प्रयोग गरी भारत तर्फ तस्करी गरी लैजादै गरेको लाखौ मुल्य बराबरको हरियो मटर र मदिरा बरामद गरी भन्सार कार्यालयलाई बुझाइसकेको सो कार्यालयले जनाएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



**हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS
Best Remit
Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME
International Money Express
himal remit
हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*